नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
**खानेपानी तथा ढल व्यवस्थापन विभाग**
पानीपोखरी, काठमाडौं

## सार्वजनिक सूचना !!!!

**विषयः खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना छनौटका लागि निवेदन पेश गर्ने सम्बन्धमा।**

प्रस्तुत विषयमा, श्री पूर्वाधार विकास मन्त्रालयबाट मिति २०८३/०७/१० गते जारी भएको **"खानेपानी तथा सरसफाई सम्बन्धमा दिगो विकास लक्ष्य प्रवर्द्धन अन्तर्गतको बजेट रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८३"** बमोजिम खानेपानी तथा सरसफाईसम्बन्धी आयोजनाहरू छनौट गर्नुपर्ने व्यवस्था रहेको छ।

उक्त कार्यविधिको दफा (४) बमोजिम आयोजना छनौट गर्नुपर्ने भएकाले खानेपानी तथा सरसफाई सम्बन्धी आयोजना सञ्चालन गर्न इच्छुक सम्बन्धित स्थानीय तह, उपभोक्ता समिति तथा अन्य सरोकारवालाहरूले कार्यविधिमा उल्लिखित मापदण्ड तथा प्रावधानहरूको अधीनमा रही आवश्यक विवरण तथा कागजातसहित यस विभाग अन्तर्गतका सम्बन्धित कार्यालयमा मिति २०८३/०८/०१ गतेभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्राप्त निवेदन तथा प्रस्तावित आयोजनाहरूको छनौट तथा सिफारिस सम्बन्धी कार्य उक्त कार्यविधिको दफा (६) बमोजिम गरिने व्यहोरा समेत जानकारी गराइन्छ र आयोजना छनौट सम्बन्धी थप जानकारी तथा आवश्यक विवरणका लागि सम्बन्धित कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

**कार्यालयहरु र कार्यालय प्रमुखको सम्पर्क नं तपसिल बमोजिम रहेको छः**

| सि.नं | खानेपानी तथा ढल व्यवस्थापन कार्यालय | कार्य क्षेत्र (जिल्ला) | सम्पर्क नं |
|---|---|---|---|
| १. | विराटनगर | सुनसरी, मोरङ, झापा, उदयपुर | ९८४१६८७८८६ |
| २. | धनकुटा | इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, धनकुटा | ९८५११७१८८४ |
| ३. | जनकपुर | सिन्धुली, सप्तरी, सिरहा, धनुषा, महोत्तरी | ९८४१४५६७४२ |
| ४. | वीरगंज | रौतहट, बारा, पर्सा, सर्लाही | ९८५५०१८४०६ |
| ५. | खोटाङ | भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ | ९८५२८५२८४४ |
| ६. | रामेछाप | रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक | ९८५४०४०२८५ |
| ७. | भक्तपुर | काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, रसुवा | ९८५११६०३०५ |
| ८. | चितवन | धादिङ, मकवानपुर, चितवन, नवलपुर(सुस्ता पूर्व) | ९८५५०३२२०४ |
| ९. | पोखरा | कास्की, स्याङ्जा, म्याग्दी, बाग्लुङ, पर्वत, मुस्ताङ, रुकुम पुर्व | ९८५६०७३०८६ |
| १०. | लमजुङ | लमजुङ, गोरखा, मनाङ, तनहुँ | ९८४५४४४८०० |
| ११. | बुटवल | रुपन्देही, नवलपरासी (सुस्ता पश्चिम), कपिलबस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची | ९८५७०७८५१८ |
| १२. | नेपालगंज | प्यूठान, रोल्पा, रुकुम पश्चिम, दाङ, बाँके, बर्दिया | ९८५११०१७२४ |
| १३. | सुर्खेत | मुगु, हुम्ला, जुम्ला, कालिकोट, सल्यान, सुर्खेत, जाजरकोट, दैलेख, डोल्पा | ९८५८०४९४७७ |
| १४. | कञ्चनपुर | कैलाली, कञ्चनपुर | ९८५८७८४७९७ |
| १५. | डडेल्धुरा | दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ, बाजुरा, अछाम, डोटी | ९८४३०५३२५३ |

योजना तथा विपद् व्यवस्थापन शाखा

प्रकाशित मितिः२०८३/०७/११

सम्पर्क नं ९८५१४५०९३१

ई. रत्न प्रसाद लामिछाने
उपमहानिर्देशक

२०८३/७/११
कमलराज श्रेष्ठ
महानिर्देशक

फोन: ०१-४५१५५९२, ४५१३७४४, ४५२०९०८
ई-मेल: dgsecretariatdwssm@gmail.com, khanepaniadm@gmail.com, वेबसाइट: www.dwssm.gov.np